स्थायी लेखा नं. २०१३३३९४५
कार्यालय कोड नं. ८०१०५५८०१

"विकास, सम्बृद्धि र संरक्षण हाम्रो प्रतिबद्धता हाम्रो अभियान"

# गुलरिया नगरपालिका
GULARIYA MUNICIPALITY

# नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE

गुलरिया, बर्दिया
(Google Plus Code 683V+9FJ, Bhansar Gulariya, Bardiya

लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

## औषधि तथा औषधि जन्य सामग्री खरिद सम्बन्धी सूचना !!!

**(सूचना प्रकाशित मिति २०८३।०५।२७)**

**गुलरिया नगरपालिका बर्दिया मातहतका स्वास्थ्य संस्थाहरुका लागि सशर्त अनुदान तथा नगरपालिकामा बिनियोजित बजेट अन्तर्गत आ.ब. ०८३।०८४ का लागि औषधि तथा औषधिजन्य सामग्रीहरुको खरिद कार्य बोलपत्र माध्यमबाट ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकाले सम्बन्धित कार्यसँग मिल्दो उदेश्य तथा कारोबार सम्बन्धि इजाजत प्राप्त इच्छुक उत्पादक कम्पनि र सप्लायर्स फर्महरुबाट निम्न सर्तहरूको अधिनमा रही बोलपत्र आह्वान गरिएको छ ।**

**शर्तहरु**

१. यो सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र र सो दिन सार्बजनिक बिदा परेमा सोको भोलि पल्ट सम्म उक्त कार्यका लागि रु.३०००।- (तिन हजार मात्र) (पछी फिर्ता नहुने गरि) **राष्ट्रिय वाणिज्य बैंकको आन्तरिक राजश्व खाता नं. ४१४०१००३०१०१०००२** मा दाखिला गरेको बैंक भौचर, अध्यावधिक नबिकरण गरिएको फर्म दर्ता प्रमाण पत्र, मु.अ.कर मा दर्ता भएको स्थाई लेखा नं. (पान न.) दर्ता प्रमाणपत्र र सम्न्धित आन्तरिक राजश्व कार्यालयको आ.व.०८१।०८२ सम्मको कर चुक्ता प्रमाणपत्र लगायतका नोटरी पब्लिक बाट प्रमाणित कागजातहरु १/१ प्रति फोटोकपी सहित रित पुर्बक निबेदन पेश गरि कार्यलय समय भित्र बोलपत्र फारम खरिद गर्न सकिने छ ।

२. खरिद भएको बोलपत्र प्रथम पटक सूचना प्रकाशित भएको मितिले २२ औं दिनको दिउसो १२:०० बजे भित्र र सो दिन बिदा परेमा सोको भोली पल्ट सोहि समय भित्र सम्बन्धित कम्पनि फर्म वा सप्लायर्सको आधिकारिक व्यक्तिले स्पस्ट संग भरि दस्तखत गरि कम्पनि वा फर्मको छाप लगाई शिलबन्दी बोलपत्र गरि यस कार्यालयमा दर्ता गरिसक्नु पर्ने छ । रित पुर्बक दर्ता हुन आएका शिलबन्दी बोलपत्रहरु सोहि दिनको २ बजे देखि शिलबन्दी बोलपत्र दाता वा निजको प्रतिनिधि तथा कार्यालय प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिने छन् । बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्ने कार्यमा बाधा पुग्ने छैन ।

३. बोलपत्र साथ तपशिलमा उल्लेखित कागजातहरु अनिवार्य रुपमा पेश गर्नु पर्ने छ । अन्यथा बोलपत्र मुल्यांकन सम्बन्धि कुनै पनि कारवाही गरिने छैन ।
   क) आफु खरिद कारवाहीका लागि अयोग्य नभएको र कालो सुचीमा नपरेको स्वघोषणा पत्र ।
   ख) औषधि उत्पादक कम्पनीहरुले खरिदकर्ताको नाममा जारि गरिएको सक्कल Manufacturers Authority Letter.
   ग) सप्लाई गरिने औषधि उत्पादक कम्पनीहरुको WHO-GMP सटिफिकेट ।

४. बोलपत्र साथ धरौटी बापतको तपशिलमा उल्लेखित रकम **यस नगरपालिकाको बाणिज्य बैंक गुलरिया शाखामा रहेको धरौटी खाता नं. ४१४०१००३०३००००००२** मा जम्मा गरेको सक्कल बैंक भौचर वा नेपाल राष्ट्रिय बैंक बाट मान्यता प्राप्त नेपाल भित्रको कुनै पनि बैंक यस कार्यालयको पक्षमा जारि गरिएको बोलपत्र दाखिला गर्ने अन्तिम मिति देखि गणना हुने गरि कम्तिमा १२० दिन म्याद भएको सर्त रहित बैंक ग्यारेन्टी (बिड वन्ड ) पेश गर्नु पर्ने छ ।

५. बोलपत्र फारममा उल्लेखित परिमाण आवस्यक अनुसार थप घट गर्नुपरेमा बोलपत्र दाताले स्वीकार गर्नुपर्नेछ ।

६. बोलपत्र फारम भर्दा ठेक्काका शर्तहरु पुर्णतह अध्यन गरि स्पष्ट संग भर्नुपर्नेछ ।

७. बोलपत्र फारममा मु.अ.कर बाहेकको दररेट दुबै (अंक र अक्षरमा) स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ । केरमेट वा थपघट गरिएको ठाउमा आधिकारिक व्यक्तिको हस्ताक्षर हुनुपर्ने छ । म्याद नाघी आएको वा रित नपुगी पर्न आएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

८. यस सूचनामा नपरेको अन्य कुराहरुको हकमा बोलपत्र सम्बन्धि कागजातहरु, सार्बजानिक खरिद ऐन, २०६३ र सार्बजानिक खरिद नियमावली, २०६४ (संशोधन सहित ) तथा अन्य प्रचलित ऐन नियम अनुसार हुनेछ । साथै अन्य कुराहरु बुझन आवश्यक परेमा यस कार्यालयमा वा फो.नं. ९८५८०७०५७० मा सम्पर्क गरि बुझ्न सकिने छ ।

| सि. नं. | ठेक्का नं. | काम को बिबरण | लागतअनुमान मु.अ. कर बाहेक | धरौटी बापत को रकम रु. | कै |
|---|---|---|---|---|---|
| १ | MG/G/NCB/GNP/01/083/084 (स्वास्थ्य शाखा) | औषधि तथा औषधि जन्य सामग्री खरिद कार्य | ३४,३८,०००।- | ८६,०००।- | |

प्रमुख प्रशासकिय अधिकृत
कृष्ण प्रसाद जैसी
प्रमुख प्रशासकिय अधिकृत